# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

मितिः ३० अक्तूबर २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

- चक्रवाद मोन्थाको प्रभाव दर्जीलिग अनि कालेबुंग जिल्लामा पनि पर्ने भएकोले प्रशासनले जनसाधारणलाई उच्च सतर्कता अपनाउन आह्वान गर्दै हेल्प लाइन नम्बर जारी गरेको छ I

- पश्चिम बंगालको मुख्य निर्वाचन अधिकारीकार्यालयले विशेष गहन संशोधन प्रक्रियाको क्रममा मतदाताहरूलाई थप सुविधा प्रदान गर्न धेरै सञ्चार माध्यमहरू सुरु गरेको छ।

- दार्जीलिंग पुलिसको आयोजना अनि जीटीएको सहयोगमा आगामी ११ दिसम्बरदेखि मेलो टी फेस्ट तेस्रो संस्करण आयोजना गर्ने भएको छ I

- पश्चिम बंगाल उच्च माध्यमिक शिक्षा परिषद्ले कक्षा १२ को तेस्रो सेमेस्टरको परीक्षाको परिणाम अक्टोबर ३१ मा घोषणा गर्ने भएको छ।

- सोनादा उच्चत्तर माध्यमिक विद्यालयको स्वर्ण जयन्तीको अवसरमा वर्षव्यापी आयोजना भईरहेको समरोह सम्पन्न भएको छ।

**चक्रवाद मोन्था**

चक्रवाद मोन्थाको प्रभाव दर्जीलिग अनि कालेबुंग जिल्लामा पनि पर्ने भएकोले प्रशासनले जनसाधारणलाई उच्च सतर्कता अपनाउन आह्वान गरेको छ I दार्जीलिंग जिल्ला कार्यलयले मानिसहरुलाई सतर्क बस्न सुझाव दिइएको छ भने हेल्प लाइन नम्बरहरू पनि जारी गरेको छ I जिल्ला कार्यलयले दर्जीलिंगका लागि ०३५४२२५५७४९ / ८२९३८३२२२४ खर्सांगका लागि ०३५४२३४४४४८ / ७५०१७६४९९६ मिरिकका लागि ९४३४४२३४४१ अनि सिलगढ़ी लगायत जिलाका विभिन्न खण्ड विकासका लागि पनि हेल्प लाइन नम्बरहरू जारी गरेको छ I यसरी नै कलेबुंग जिल्ला कार्यलयले पनि जनसाधारणका लागि ८६१७५४२७७६ अनि ०३५५२२५६३५३ हेल्प लाइन नम्बर जारी गरेको छ I यसैबीच मिरिक नगरपालिका अध्यक्ष एल बी राईले पनि नगरवासीलाई सतर्क बस्ने आह्वान गर्नु भएको छ I उहाले विशेष गरि जसको घर जोखिमपूर्ण स्थितिमा रहेको छ उनीहरूलाई नगरपालिकाले संचालन गरिरहेको राहत शिविरमा आएर बस्ने आह्वान पनि गर्नु भएको छ I

**एसआईआर**

पश्चिम बंगालको मुख्य निर्वाचन अधिकारी (सीईओ) कार्यालयले विशेष गहन संशोधन (एसआईआर) प्रक्रियाको क्रममा मतदाताहरूलाई थप सुविधाजनक सेवाहरू प्रदान गर्न सम्बन्धित क्षेत्रहरूमा बुथ स्तर अधिकारीहरू (बीएलओ) बारे जानकारी साझा गर्न धेरै सञ्चार माध्यमहरू सुरु गरेको छ। कुनै पनि असुविधाको अवस्थामा मतदाताहरूले सम्बन्धित बीएलओलाई सिधै सम्पर्क गर्न र आफ्नो समस्या समाधान गर्न सकून् भनेर सीईओको कार्यालयले सबै क्षेत्रहरूमा बीएलओहरूको विवरण र उनीहरूको मोबाइल नम्बरहरू व्यापक रूपमा प्रचार गर्ने निर्णय गरेको छ। सीईओको कार्यालयका एक अधिकारीले मोबाइल नम्बरहरू सहित बीएलओ जानकारी सीईओको वेबसाइट साथै सम्बन्धित जिल्ला मजिस्ट्रेटहरूको वेबसाइटमा उपलब्ध हुने बताएका छन् । मतदाताहरूलाई उनीहरूको बीएलओहरू बारे सचेत गराउन

क्षेत्रगत जागरूकता अभियानहरू पनि सुरु गरिनेछ। यस हप्ताको सुरुमा पश्चिम बंगाल सहित १२ राज्यहरूमा एसआईआरको घोषणा गरिएको थियो। यो तीन चरणको प्रक्रियाको पहिलो चरण नोभेम्बर ४ मा सुरु हुनेछ। पहिलो चरणमा, बीएलओहरूले घर-घर गएर मतदाता विवरणहरू सङ्कलन गर्नेछन् र दर्ता फारमहरू पूरा गर्नेछन्। यो चरण पूरा भएपछि, राज्यमा मतदाता सूचीको मस्यौदा जारी गरिनेछ।

**मेलो फेस्ट**

दार्जीलिंग पुलिसको आयोजना अनि गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनको सहयोगमा आगामी ११ दिसम्बरदेखि मेलो टी फेस्ट तेस्रो संस्करण शुरु हुने भाको छ I आज दार्जीलिंगका एस. पी प्रविण कुमारले पत्रकार सम्मेलन आयोजना गर्नु हुदै कार्यक्रमबारे जानकारी गराउनु भएको छ I उहाले ११ दिसम्बरदेखि शुरो हुने मेलो टी फेस्टमा १३ दिसम्बरसम्म विविध कार्यक्रम आयोजना गरिने अनि १४ दिसम्बरको दिन म्याराथन आयोजना गरेपछि फेस्ट समापन हुने बताउनु भएको छ I उहाले यो फेस्टको उद्धेश्य पहाडमा पर्यटनलाई थप टेवा पुर्याउनु साथै क्षेत्रीय कलाकारहरूलाई प्रोत्सहान गर्नु रहेको पनि बताउनु भएको छ I

BYTE

**१२ परिक्षा- परिणाम**

पश्चिम बंगाल उच्च माध्यमिक शिक्षा परिषद्ले कक्षा १२ को तेस्रो सेमेस्टरको परीक्षाको परिणाम अक्टोबर ३१ मा घोषणा गर्ने भएको छ। परिषद्का अध्यक्ष चिरञ्जीव भट्टाचार्यले आज यो घोषणा गर्नु भयो। परिषद्का अध्यक्षले आज दिउँसो पत्रकार सम्मेलन मार्फत परिणाम सार्वजनिक गरिने बताउनु हुदै विद्यार्थीहरूले दिउँसो १ बजेदेखि अनलाइन मार्फत आफ्नो अंक जाँच गर्न सक्ने बताउनु भयो। नयाँ चार-सेमेस्टर प्रणाली अन्तर्गत राज्यको उच्च माध्यमिक परीक्षा सञ्चालन गरिएको यो पहिलो पटक हो। यस प्रणाली अन्तर्गत, कक्षा १२ को पाठ्यक्रम दुई भागमा विभाजित छ: तेस्रो र चौथो सेमेस्टर। श्री भट्टाचार्यले यस पटक परिषद्ले छापिएको अंक जारी नगर्ने बताउनु भयो। विद्यार्थीहरूले आफ्नो अंक आ-आफ्नो विद्यालयबाट प्राप्त गर्नु पर्नेछ। उहाले अर्को (चौथो) सेमेस्टरको परीक्षा फरवरीमा हुने र विद्यार्थीहरूको अन्तिम ग्रेडिङ र श्रेणीकरण दुवै सेमेस्टरको संयुक्त अंकको आधारमा निर्धारण गरिने पनि बताउनु भएको छ।

**डीवाईएफआई**

दार्जीलिङ पहाडको प्राकृतिक सम्पदा अनि खोला नाला र पानीको संरक्षण गर्ने उदेश्यले माकपाको युवा संगठन डीवाईएफआईले मिरिक नन्दलाल गाउँ सार्वजनिक भवनमा स्थानीय पैह्रो पीडित अनि आम नागरिकहरूलाई सहभागी गराई एउटा सचेतना कार्यक्रमको आयोजना गर्यो। जसमा डीवाईएफआई राज्य कमिटि अध्यक्ष रोनाङ्सु सरकार, जिल्ला अध्यक्ष सागर शर्मा, माकपा मिरिकका नेता किस्मत तामाङको विशेष उपस्थिति रहेको थियो। कार्यक्रममा वक्ताहरूले जनसाधारणलाई प्राकृतिक सम्पदाको संरक्षणबारे सचेतना गराउदै पैह्रो पीडितहरूको शीघ्र पुनर्वासको माग पनि गरे I उनीहरूले यदि पैह्रो पीडितहरूको शीघ्र पुनर्वास नभए डीवाईएफई आन्दोलनमा उत्रिने चेतावनी दिए। यस क्रममा संगठनको पक्षबाट पैह्रो पीडितहरूलाई राहत सामग्री पनि वितरण गरियो।

**सोनादा उमावी – स्वर्ण जयन्ती**

सोनादा उच्चत्तर माध्यमिक विद्यालयको स्वर्ण जयन्तीको अवसरमा वर्षव्यापी आयोजना भईरहेको समारोहको समापन सम्पन्न भएको छ। सोनादाको गोराबारीस्थित सलेशियन कलेजको खेल मैदानमा आयोजना गरिएको स्वर्ण जयन्ती समापन समारोहमा प्रमुख अतिथिको रुपमा गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनको प्रमुख कार्यपाल अनित थापा उपस्थित हुनुहुन्थ्यो। जीटीए प्रमुख अनित थापाले विद्यालयको झण्डा उत्तोलन गरेपछि मार्च पास्टको सलामी पनि ग्रहण गर्नु भयो। कार्यक्रममा मार्स ड्रिल पनि आयोजना गरिएको थियो। यस अवसरमा सोनादा उच्चत्तर माध्यमिक विद्यालयको तर्फबाट प्रमुख अतिथिको रुपमा उपस्थित जीटीए प्रमुख अनित थापालाई सम्मान् पनि जनाइयो। स्वर्ण जयन्ती समापन समारोहको अवसरमा विद्यालयको विभिन्न खेलकूद, नृत्य, गीत, इन्टर हाउस फुटबल टुर्नामेन्ट लगायत विभिन्न सांस्कृतिक कार्यक्रमहरु आयोजना गरिएको थियो। कार्यक्रममा प्रमुख अतिथिको रुपमा उपस्थित गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनको प्रमुख कार्यपाल

अनित थापाले आफ्नो सम्बोधनमा सोनादा उच्चतर माध्यमिक विद्यालयको अडिटोरियम निर्माण गरिदिने वाचा गर्नु भयो । उहाले आफ्नो सम्बोधनमा सोनादा उच्चतर माध्यमिक विद्यालयको गौरवमय स्वर्ण जयन्ती अवसरमा सम्पूर्ण विद्यालय परिवार, शिक्षक–शिक्षिका, कर्मचारी, विद्यार्थी, अभिभावक तथा पूर्वविद्यार्थीहरूलाई बधाई तथा मंगलकामना दिनु भयो ।

**<u>गो.ए.एस</u>**

नागाल्याण्डका बिभिन्न जातीय संघ संस्थाका प्रतिनिधिहरुसँग गोर्खाल्याण्ड एक्टीभिष्ट समूहको अन्तरक्रिया कार्यक्रम सम्पन्न भाको छ I उत्तर पूर्वी राज्यहरूको भ्रमणको तेस्रो दिन नागाल्याण्डको राजधानी कोहिमाको गोर्खा पब्लिक पञ्चायत हलमा कोहिमाको बिभिन्न संघ संस्थाको प्रतिनिधिहरू सँग विचार विमर्श गरियो। उपस्थित प्रतिनिधिहरूले नागाल्याण्डका गोर्खाहरूको निम्ति पनि गोर्खाल्याण्ड आवश्यक रहेको तर बिगतका गोर्खाल्याण्ड आन्दोलनहरुमा धैरै सहयोग पुऱ्याउँदा पनि आन्दोलनलाई सम्झौतामा लगेर टुङ्ग्याएको तितो अनुभव साझा गर्दै यदि गोर्खाल्याण्डको निम्ति आज पनि कसैले ईमान्दारपूर्वक गोर्खाल्याण्डको आन्दोलनलाई अघि बढाउँछ भने आफूहरू अझै पनि सघाउन तैयार रहेको बताए। उपस्थित प्रतिनिधिहरूले बिशेष गरि दार्जीलिङका गोर्खाहरू आफै बिभाजनमा रहनु नै गोर्खाल्याण्ड गठनको निम्ति बाधा हो भन्ने जनाउँदै पहिले दार्जीलिङका गोर्खाहरु नै एकिकृत बन्नु पर्ने सुझाव राखे।

****** ० ******